# पाइपलाइन विस्तार, धारा जडान तथा महसुल सेवा सुविधा
# कार्यविधि २०८१

## प्रस्तावना

पिठुवा खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाको सेवाक्षेत्र रत्ननगर १४, १५ र १६ वडा नं भित्र पाइपलाइन विस्तारलाई वैज्ञानिकरण गर्दै कार्य गर्न जस अनुरुप दिर्घकालिन रुपमा हुने विकासका कार्यबाट हुने क्षती न्यूनीकरण गर्ने, उपभोक्ताहरुको प्रत्येक घरमा स्वच्छ पिउने पानीको पहुँचता सरल र सहज पद्धतीबाट धारा जडान गरी सेवा प्रवाह गर्ने साथै संस्था संचालन को मेरुदण्डको रुपमा रहेको महसुल सेवा शुल्कलाई उपभोक्ताहरुको मौलिक हकलाई मध्यनजर गरी थप सेवा सुविधा सहित कार्य गर्दै खानेपानी संस्थालाई वर्षौ वर्ष जिवन्त राख्दै संस्थालाई स्थायीत्व दिन संस्थाको विधान २०६७ को परिच्छेद ४ को दफा २८ (ख) अनुसार पाइपलाइन विस्तार, धारा जडान तथा महसुल सेवा शुल्क कार्यविधि २०८१ तयार गरी कार्यविधी अनुरुप कार्य गरिएको छ ।

## उद्देश्य

यस संस्था र उपभोक्ता विचको सम्बन्ध अत्यन्तै सुमधुर बनाउने, हरेक प्रकारका सेवालाई छिटो छरितो र चुस्त दुरुस्त पार्न यस पिठुवा खानेपानी संस्थाले अव थप हुने पाइपलाइन विस्तार लाई थप वैज्ञानीकरण गर्दै अन्य विकासको गतिविधि बाट हुने क्षती कम गर्ने, सहज स्वच्छ पिउने पानीको पहुँचता प्रत्येक उपभोक्ताको घर घरमा पुऱ्याउने संस्थाले प्रदान गरिएको खानेपानीबाट प्राप्त महसुलबाट बर्षौ वर्ष सम्म खानेपानी संस्थालाई जिवन्त राख्ने दिर्घकालिन योजनाहरु वनाई संस्थालाई समृद्ध बनाउने रहेको छ ।

### परिच्छेद : १

१.१ नाम : यस कार्यविधिको नाम "पाइपलाइन विस्तार तथा महसुल सेवा सुविधा कार्यविधि २०८१" रहेको छ ।

क) "ऐन" भन्नाले खानेपानी ऐन २०७९ लाई जनाउँदछ ।

ख) "नियमावली" भन्नाले खानेपानी नियमावली २०५५ लाई जनाउने छ ।

ग) "संस्था" भन्नाले पिठुवा खानेपानी तथा सरसफाई उपभोक्ता संस्थालाई सम्झनुपर्दछ ।

घ) "कार्य समिति" भन्नाले विधानको धारा ७-१ वमोजिम गठित कार्य समितिलाई जनाउनेछ ।

ङ) "अध्यक्ष" भन्नाले संस्थाको अध्यक्षलाई जनाउनेछ ।

च) "सदस्य" भन्नाले कार्य समितिको सदस्यलाई जनाउने छ ।

छ) "उपभोक्ता" भन्नाले आयोजना सेवा क्षेत्र भित्र खानेपानी सेवा उपभोग गरेका व्यक्ति वा संस्थाहरु सम्झनु पर्दछ ।

ज) "उपसमिति" भन्नाले कार्यसमिति वैठकबाट गठीत समितिलाई सम्झनु पर्दछ ।

झ) "व्यवस्थापक" भन्नाले संस्थाको प्रशासकिय प्रमुख रुपमा नियुक्त व्यक्तिलाई जनाउने छ

ञ) “कर्मचारी” भन्नाले संस्थाको विभिन्न पदमा नियुक्त व्यक्तिलाई सम्झनु पर्दछ ।

च) “आर्थिक वर्ष” भन्नाले प्रत्येक वर्षको श्रावण १ देखि सुरु भै अषाढ मसात सम्मको अवधिलाई जनाउनेछ ।

छ “प्राविधिक” भन्नाले यस संस्थामा कार्यरत प्राविधिकहरुलाई जनाउँदछ ।

ज) “विधान” भन्नाले संस्थाको विधान २०६७ लाई सम्झनु पर्दछ ।

झ) “तोकीएको वा तोकीय वमोजिम”भन्नाले विधानमा तोकिएको हकमा सोही वमोजिम र नतोकेको हकमा कार्य समितिको निर्णय भन्ने सम्झनु पर्दछ ।

१.२. कार्यविधिको व्यवस्था : पिठुवा खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाको कार्य समिति को व्याख्या नै अन्तिम ब्याख्या मानिनेछ ।

## परिच्छेद : २

२.१. धारा जडान तथा महसुल सेवा शुल्क :

क) “धारा जडान” भन्नाले यस संस्थाको सेवा क्षेत्र भित्रका (रत्ननगर १४, १५ र १६) उपभोक्ताहरुले स्वच्छ खानेपानी उपभोगको लागि जोडिएको धारा लाई सम्झनुपर्दछ ।

ख) “महसुल भन्नाले पानी उपभोग गरे वापत संस्थाले निर्दिष्ट गरेको पानी प्रयोग सुविधा वापत संस्थाले भुक्तानी लिने शुल्क लाई सम्झानु पदर्छ ।

ग) नायाँ धारा दर्ता : यस संस्था भित्र निम्न प्रकारका धारा जडान गर्न सकिन्छ ।

अ) व्यक्तिगत धारा

आ) सामुदायिक धारा

इ) सुकुम्बासी विपन्न धारा

ई) विपन्न धारा

घ) यस संस्थाको सेवा क्षेत्र रत्ननगर १४, १५ र १६ भित्र पाइपलाइन विस्तार भै सकेका स्थानहरुमा उपभोक्ताले तपसिल अनुसारका कागजात पेश गरी धारा जडान निवेदन पेश गर्न सक्नेछ ।

अ) धारा दर्ता माग फारम (संस्थाको)

आ) सम्बन्धीत वडा कार्यालयको धारा जडानको सिफारिस

इ) नागरिकताको प्रतिलिपि १ थान

ई) लालपुर्जाको प्रतिलिपि १ थान

उ) पासपोर्ट साइजको फोटो २ प्रति

ऊ) सुकुम्बासी र विपन्न वर्गको लागि सम्बन्धित वडा कार्यालयले प्रमाणित गरिएको सिफारीस अनिवार्य हुनुपर्नेछ ।

ए) संधियारको उपभोक्ता कार्ड/विलको प्रतिलिपि १ थान

ऐ) संयुक्त पुर्जा भएको व्यक्तिले धारा जडान गर्न दिएको मञ्जुरीनामाको साथमा निवेदन ।

ङ) नयाँ धारा जडान कार्यको लागि तपसिल अनुसार महसुल कायम गरीको छ उक्त महसुल स्थाई रुपले बसोबास गरी खानेपानीको प्रयोग गरिरहेका तर एकाघर छुटाभिन्ना वा अंसवंडा भै वा अन्य कारणले नयाँ धारा जडान गर्नेको हकमा मात्र लागु हुनेछ ।

- दर्ता शुल्क : २७२०।-
- उपभोक्ता सदस्य शुल्क : ३६००।-
- निवेदन : १००।-
- धारा जडान शुल्क : ४००।-
- मिटर शुल्क : १३५०।-

**८१७०।-**

च) वसाइसरी आवाशका लागि यस सेवा क्षेत्र भित्र नयाँ धारा जडान गर्न यस संस्थामा निवेदन दिने नयाँ सेवाग्राहीहरुको (उपभोक्ता) लागि तपसिल मा उल्लेख गरिए वमोजिमका सेवा शुल्क लाग्नेछ ।

- दर्ता शुल्क : ४५५०।-
- उपभोक्ता सदस्य शुल्क : ५६००।-
- निवेदन : १००।-
- धारा जडान शुल्क : ४००।-
- मिटर शुल्क : १३५०।-

**१२,०००।-**

सुकुम्बासीको लागि धारा जडानमा ५०% रकम छुट र विपन्न वर्गको लागि २५% रकम छुटको व्यवस्था गरिएको छ । उक्त हकमा दोहोरो सुविधा उपलब्ध गराइने छैन ।

छ) व्यवसायिक प्रयोजनका लागि यस संस्थाले १'' इन्च पाइप क्षमता सम्मको पानी वितरण गर्नेछ । सो पानी उपभोग जडान शुल्क तपसिल वमोजिमको हुनेछ ।

- दर्ता शुल्क : रु.८०००।-
- उपभोक्ता शुल्क : रु.१२५००।-
- निवेदन : रु.५००।-
- धारा जडान : रु.१२००।-
- मिटर शुल्क : रु.१३५०।-

ज) ठाउँसारी : सेवा ग्राहिहरुले आफ्नो धारा कुनै कारणवस ठाउँसारी गर्नुपरेको खण्डमा त्यसको सुचना कार्यालय लाई दिनु पर्नेछ । स्वयं सेवाग्राहीले धारा अर्को ठाउँमा स्थान्तरण गर्न पाउने छैन । मिटर ठाउँसारी गर्नको लागि तपसिल अनुसारको कागजात पेश गरी निवेदन दिनु पर्नेछ ।

**<u>तपसिल</u>**

क) ठाउँसारी सम्बन्धि निवेदन

ख) अन्तिम पटक महसुल तिरेको रसीदको प्रतिलिपि वा कार्डको प्रतिलिपि १ थान

ग) कित्ता परिवर्तन गर्नु परेमा लालपुर्जाको प्रतिलिपि १ थान

घ) नागरिकताको प्रतिलिपि १ थान

ङ) निम्न प्रकारको ठाउँसारीको लागि तपसिल अनुसारको महसुल दस्तुर कार्यालयमा कुभाउनुपर्नेछ ।

- मिटर मात्र सार्नु परेमा : रु. ५००।-
- होल परिवर्तन गर्नुपरेमा : रु.१०००।-
- वडा परिवर्तन गर्नुपरेमा : रु २०००।-

झ) नामसारी : धारा नामसारी को लागि तपसिल अनुसारको कागजात पेश गर्नुपर्नेछ ।

- मञ्जुरीनामा लिने/दिने दुवैको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि संलग्न हुनुपर्नेछ,
- दरखास्ता दिने व्यक्तिले धारा रहेको जग्गाको लालपुर्जाको प्रतिलिपि पेश गर्नुपर्नेछ, धारा लिने व्यक्तिले २ प्रति पासवर्ड साइजको फोटो पेश गर्नुपर्नेछ ।
- साविक धरावालाको मृत्यु भएको हकमा नामसारीको लागि मृत्यु दर्ता प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ ।
- नामसारी हुनु अगावै बाँकी महसुल चुक्ता हुनुपर्नेछ ।
- एकाघरको नामसारी शुल्क रु.१०० लाग्छ भने अन्यको हकमा रु १०००।- लाग्नेछ ।
- विपन्न वर्ग अन्तरगत जडान गरिएको धाराहरुको हकमा नामसारी गर्न परेमा ५०% धारा जडान सेवा शुल्क र नामसारी सेवा शुल्क भुक्तान गरी नामसारी गरीनेछ ।

ञ) धारा बन्द : उपभोक्ताहरु ले धारा बन्द गर्नु परेमा धारा बन्दको कारण खुलाई निवेदन को साथमा पछिल्लो पटक महसुल तिरेको रसिद कार्यालयमा पेश गर्नुपर्नेछ । साथै धारा बन्द शुल्क रु.५०० कार्यालयमा बुझाएपछि धाराको कनेक्सन बन्द गर्न उपभोक्ता स्वयंले मुख्य पाईप जोडेको ठाउँमा आवश्यकता अनुसार खाल्टो खन्नुपर्ने हुन्छ ।

- संस्थाको नियमानुसार ३ महिना भन्दा धेरै समय सम्म पानी महसुल नबुझाएको उपभोक्ताहरुको धाराको कनेक्सन काटिनेछ । धारा पुनः जडान गर्नको लागि वक्यौता रकम भुक्तानी गरि रिकनेक्सन शुल्क रु.१०००।- महसुल शाखामा बुझाइसके पश्चात मात्र जडान गरिनेछ । धारा कनेक्सन गर्दा आवश्यक खाल्टो खन्ने काम उपभोक्ता स्वयंले गर्नुपर्ने छ ।

ट) धारा पुनः जडानः उपभोक्ताहरुले धारा पुन जडान गर्नको लागि तपसिल अनुसारको कार्य गर्नुपर्नेछ ।

- उपभोक्ताको निवेदन पेश गर्ने ।
- उपभोक्ताले धारा बन्द गर्दा तिरेको विलको प्रतिलिपि ।
- नागरिकताको प्रतिलिपि १
- धारा रिकनेक्सन शुल्क रु. १०००।- बुझाउनुपर्नेछ ।
- उपभोक्ता स्वयंले आवश्यकता अनुसार पहिला कनेक्सन भएको मुख्य पाईप जोड्ने ठाउँमा खन्नुपर्ने हुन्छ ।

ठ) अग्रिम महसुल : ग्राहकले आफुलाई आवश्यक परेको समय सम्मको लागि अग्रीम रुपमा महसुल भुक्तानी गर्न सक्नेछ ।

ड) पानी महसुल दररेट : यस संस्थाले सेवा क्षेत्र भित्र रहेका सेवाग्राहिहरुलाई खानेपानी सुविधाको पहुँच पुऱ्याइ संस्था संचालनको लागि तपसिल वमोजिम प्रयोग क्षमता अनुसार पानी महसुल शुल्क निर्धारण गरिएको छ ।

**पानी महसुल दर : १/२ इन्चको धाराको लागि**

क) ०-१० युनिट सम्म रु.७० लाग्नेछ ।

ख) ११-१५ युटिन सम्म प्रति युनिट रु.५ लाग्नेछ ।

ग) १६-२० युनिट सम्म प्रति युनिट रु.१० लाग्नेछ ।

घ) २१ युनिट देखि माथि प्रति युनिट रु.२० लाग्नेछ ।

**पानी महसुल दर : १ इन्चको धाराको लागि**

क) ०-५० युनिट सम्म रु.२५००।-

ख) ५१-९९९९९ युनिट सम्म प्रति युनिट रु.३० लाग्नेछ ।

## २.२ खानेपानी महसुलमा छुटको व्यवस्था निम्न वमोजिम रहनेछ ।

- व्यक्तिगत धारा को हकमा रिडिङ विल आएको ७ दिन भित्र भुक्तानी गरेमा पानी महसुलको ५% सम्म छुटको व्यवस्था गरिएको छ ।
- व्यक्तिगत धाराको हकमा रिडिङ भएको ८औं दिन बाट ३० औं दिन सम्म विल अनुसारको रकम मात्र भुक्तान गर्नुपर्नेछ ।
- सामुदायिक विद्यालयहरुको हकमा रिडिङ विल आएको ३० दिन भित्र भुक्तानी गरेमा पानी महसुलको ६०% सम्म छुटको व्यवस्था गरिएको छ ।

## २.३ पानी महसुल जरिवाना निम्न अनुसार रहनेछ :

मिटर रिडिङ भएको ३० दिन कटेपछि ५% जरिवाना लाग्नेछ ।

मिटर रिडिङ भएको ६० दिन कटेपछि १०% जरिवाना लाग्नेछ ।

मिटर रिडिङ भएको ९० दिन कटेपछि माथि सबैमा २०% जरिवाना लाग्नेछ ।

## २.४ पाइपलाइन विस्तार :

क) “पाइपलाइन विस्तार” भन्नाले यस संस्थाको सेवा क्षेत्र रत्ननगर १४, १५ र १६ भित्र रहेका पुरानो चलन चल्तीको बाटो पुराना प्लटिङका वाटो र नयाँ प्लटिङको बाटोहरुमा विस्तार गरिने खानेपानीको पाइप लाइनलाई सम्झनु पर्दछ ।

- “पुरानो चलन चल्तीको बाटो” भन्नाले सधिउदेखि हिडडुल गरिदै आएको वाटो भन्ने सम्झनुपर्दछ ।
- “पुरानो प्लटिङको बाटो” भन्नाले व्यवसायिक रुपमा खरिद विक्रीको उदेश्यले २०७९ अषाढ मसान्त सम्म खोलिएको बाटो भन्ने सम्झनु पर्दछ ।

- "नयाँ प्लटिङको बाटो" भन्नाले व्यवसायिक रुपले खरिद विक्रि को उदेश्यले २०७९ असाढ मसान्त पछाडि प्लटिङ गरी खोलिएको बाटो सम्झनु पर्दछ ।

ख) नयाँ प्लटिङको बाटोको हकमा पाइपलाइन विस्तार गर्न व्यवसायिहरुले देहायवमोजिम तोकिएको कागजात सहित खानेपानी संस्थामा निवेदन पेश गर्नु पर्नेछ ।

**आवश्यक कागजात :**

- निवेदन
- सम्बन्धित वडा कार्यालयको सिफारिस
- लालपुर्जाको प्रतिलिपि
- फाइल नक्सा
- नागरिकताको प्रतिलिपि
- पासपोर्ट साइजको फोटो २ प्रति

ग) नयाँ प्लटिङको हकमा प्रति मिटर रु.४००।- प्लटिङ्ग व्यवसायीहरु सँग भुक्तानी लिई पाइपलाइन विस्तार गरिनेछ ।

घ) पाइपलाइन विस्तार गर्दा सबै प्रकृतिका वाटोहरुमा चलन चल्तीका वाटोलाइ आधार मानी २/२ मिटर बाहिर पर्ने गरी पाइपलाइन विस्तार गरिनेछ ।

ङ) प्लटिङ क्षेत्रका उपभोक्ताहरुले पानी माग गरी निवेदन प्राप्त भएमा सेवा शुल्क वाहेक थप पाइपलाइनिङ विस्तार शुल्क वापत प्रति उपभोक्ताहरुले रु.३५०० (अक्षरुपी तिन हजार पाँच सय मात्र) भुक्तानी गर्नुपर्नेछ ।

च) पुराना प्लटिङमा मिटर राखि पानी उपभोग गरिरहेका सेवाग्राहकिो हकमा संस्थाले निर्धारण गरेको ठाउँसारी शुल्क र सेवा शुल्क वापत रु. २००० मात्र लिइनेछ । थप पाइपलाइन विस्तार संस्थाले गर्नेछ ।

छ) रत्ननगर १४, १५ र १६ का सेवा क्षेत्रभित्र १०० मिटर भन्दा कम पाइप लाइन विस्तार अध्यक्षताको तोकादेश पछि पाइपलाइन उपसमितिको वैठकले निर्णय गरी कार्य गर्न सकिनेछ ।

ज) नयाँ प्लटिङ व्यवसायिले बाटो काटेको मिति समेत उल्लेखगरी (नापी, मालपोत स्थानीय तहको विवरण) संस्थामा पेश गर्नुपर्नेछ ।

झ) पाइपलाइन विस्तार गर्दा कुनै सेवागाह्रीले (उपभोक्ताले) अर्को सेवग्राहिको स्वच्छ पिउने पानीको मौलिक हकलाई अवरोध गरी पाइपलाइन विस्तारमा कुनै पनी प्रकारको वाधा अड्चन खडा गरी अवरोध सृजना गरेको पाइएमा अवरोध गर्ने उपभोक्ताको धारा काटिनेछ । धारा काटिएको उपभोक्तालाई छिमेकी उपभोक्ताहरुले स्वच्छ खानेपानी सुविधा उपलब्ध गराएको पाइएमा उक्त उपभोक्ताको पनी धाराको कनेक्सन बन्द गरि कारवाही गरीनेछ ।

ञ) ३० मिटर सम्म पाइप लाइन विस्तार गर्दा अध्यक्षको तोकादेश अनुसार पाइपलाइन समितिको संयोजकको राय बाट सिधै पाइपलाइन विस्तार गर्न सक्नेछ ।

- उपभोक्ताहरुले निजि प्रयोजनको सिलसिलामा कार्य गर्दा पाइपलाइन लगायत यस संस्थाको भौतिक सम्पत्ती क्षती हुन गएमा स्वयं व्यक्तिले टुटफुट भएका पाइप वा भौतीक सम्पत्तीको मर्मत गर्नुपर्नेछ वा संस्थाले सो पुन निर्मण गर्दा लागेको खर्च भुक्तान गर्नुपर्नेछ ।

- यस खानेपानी संस्थाको सेवा क्षेत्र भित्र वसोवास गर्ने तर बाटो नपुगेको घरको हकमा छिमेकिले पाइपलाइन विस्तारमा आफ्नो जग्गाबाट पाइपलाइन मन्जुरीनामा दिइएको हकमा खानेपानीले पाइप लाईन विस्तार गरी खानेपानीको व्यवस्था मिलाउनेछ ।

**२.५ यस संस्थाबाट वितरण गरिएको खानेपानी दुरुपयोग भएको पाइयमा तपसिल अनुसारको दण्ड जरिवाना लगाइनेछ ।**

- पानी लिकेज भई बारम्बार कर्मचारीहरुले जानकारी गराउँदा पनी लिकेज मर्मत नगराएमा कर्मचारीद्धारा प्लग गरिनेछ र सो प्लग खोल्न रु. ५००।- कार्यालयमा बुझाउनु पर्नेछ ।
- मिटर खोली चोरेमा प्रथम पटकको लागि रु. ३०००।-, दोस्रो पटकको लागि रु.५०००।- तेस्रो पटकको लागि रु.७०००।- सो भन्दा माथि रु.१०,०००।- र रिकनेक्सन चार्ज रु.१०००।- प्राविधिक लगाई ब्रासलक गर्नुपर्ने भएमा थप रु.१०००।-लाग्नेछ ।
- मिटर अगाडि टी बनाई पानी दुरुपयोग गरेमा प्रथम पटकको लागि रु.५०००।- दोस्रो पटकको लागि रु.७०००।- तेस्रो पटकको लागि रु.१०,०००।- तथा पानी दुरुपयोग गरेको आधारमा थप पानी महसुल लगाई रिकनेक्सन रु.१०००।- लाग्नेछ ।
- मिटर उल्टो बनाई वा कुनै किसिमले मिटर नचल्ने बनाएमा प्रथम पटक रु. ३०००।-, दोस्रो पटक रु.६०००।- तेस्रो पटक रु.९०००।- जरिवाना लगाई पानी दुरुपयोग बापतको थप रकम असुल गरी रिकनेक्सन चार्ज रु. १०००।- लाग्नेछ ।
- माथि उल्लेखित पानी दुरुपयोग सम्बन्धी दण्ड र जरिवाना गर्दा निजको घरमा प्रयोग गर्ने परिवार, पशुपालन, उद्योग व्यवसाय, फलफुल तथा तरकारी बाली आदिमा प्रयोग गरेको आधारमा गरिनेछ ।